# समाज रुपान्तरणमा पुस्तकालयको भूमिका

सरस्वती सापकोटा
नेपाल नागरिक उड्डयन प्राधिकरण

sapkotasraswati@gmail.com
गेवनाथ न्यौपाने
त्रि.वि. केन्द्रीय पस्तकालय

nyaupanen@gmail.com

ORCID: https://orcid.org/0009-0005-2459-9921

DOI: https://doi.org/10.3126/dj.v7i1.87707

**लेखसार**

प्राचिनकालदेखि नै मन्दिर विहार, गुठी र दरवारहरुमा ताम्रपत्र, भोजपत्र र हस्तलिखित ग्रन्थहरु संकलित गरिन्थे जसलाई प्रारम्भिक पुस्तकालयको रुप मान्न सकिन्छ । (Online Khabar) देश र जनताको सर्वाङगीण उन्नति प्रगति गर्ने लक्ष्य अनुरुप पुस्तकालयको स्थापना गरिएको हुन्छ । संसारमा जतिपनि प्राणीहरु छन् ती मध्ये उच्चकोटीको मानिने प्राणी मानिस हो किनकि ऊ आवश्यकता अनुसार आफूलाई ढाल्न तयार भएर बस्दछ । मानव विकासको लागि टट्कारो आवश्यकताको रुपमा पुस्तकालयलाई मानिएको छ । पुस्तकालय एउटा ज्ञानको भण्डार हो जहाँ मानिस ज्ञान हासिल गर्न मात्र होइन नयाँ कुरा पत्ता लगाउन र अन्वेषण गर्न पनि जान्दछन् । नेपालको परिप्रेक्षमा भन्नुपर्दा नेपाली नागरिकमा यसको महत्व दिनदिनै बढ्दै गइरहेको देखिन्छ । डिजिटल, हाइव्रिड, फिजिकल पुस्तकालय देखि लिएर मोवाइल पुस्तकालय सम्म मानव विकासका लागि खोलिएका पुस्तकालय हुन् ।

**शब्दकुञ्जी**: पुस्तकालय इतिहास, सामाजिक मूल्यमान्यता,सामाजिक स्तरीकरण,

सामाजिक गतिविधि, सामाजिक परिवर्तन, नारी सशक्तीकरण, नारी भूमिका

## विषय प्रवेश

प्राचीन समयमा पुस्तकालय केवल पढाइ र ज्ञान संकलन गर्ने स्थल मात्र नभई संस्कृति, दर्शन र सभ्यताको प्रतीक मानिन्थ्यो । संसारकै प्राचीन पुस्तकालयहरूमध्ये मेसोपोटामियामा (आधुनिक इराक) माटोको ट्याब्लेटहरू लेखिएका कीलाक्षर (Cuneiform Script) हरू भण्डारण गरिन्थे । बाबिलोनी र असिरियन सभ्यतामा राजाहरूले युद्ध, व्यापार, प्रशासन र धर्मसँग सम्बन्धित अभिलेख संकलन ग्रन्थ (Library of Alexandria) (इजिप्ट) ईसा पूर्व तेस्रो शताब्दीमा बनेको यो पुस्तकालयलाई प्राचीन विश्वकै सर्वाधिक महान् ज्ञानको भण्डार मानिन्छ । यहाँ ग्रीक, मिश्र, भारतीय, चिनियाँ लगायत विभिन्न सभ्यताका लेख, पाण्डुलिपी र अनुसन्धान सामग्रीहरू संग्रहित थिए भनिन्छ । यो पुस्तकालयमा करिब ५ लाख भन्दा बढी पाण्डुलिपीहरू थिए ।

इतिहास, मन्दिरहरू र अभिलेखालयबाट सुरु हुन्छ । इस्वीपूर्व तेस्रो सहस्राब्दीको पहिलो आधामा प्रख्यात सभ्यता बेबिलोनको सहर निप्पुरमा विभिन्न कोठाहरू फेला परेका थिए, जहाँ माटाका ट्याब्लेटहरू भरिएका थिए । यसले त्यहाँ एउटा समृद्ध अभिलेखालय (library) रहेको संकेत दिन्छ

। विद्वानहरूको देश ग्रीसमा, पुस्तकालयहरू नाश हुने सामग्रीहरू – जस्तैः प्यापिरस र पार्चमेन्टमा आधारित थिए । अन्य स्थानहरूमा कपडा, रेशम, जनावरको छाला, रुखको पात तथा बोक्रा, काठका पट्टीहरू र धातुका पटहरू पनि पुस्तकालय सामग्रीका रूपमा प्रयोग गरिन्थ्यो । रोम र त्यसका शासकहरू पुस्तकहरू सङ्कलन गरेर शेल्फहरूमा राख्न निकै आकर्षित थिए । प्रिन्टिङ प्रेसको आविष्कारले दस्तावेज उत्पादनमा साँच्चिकै क्रान्ति ल्याएको थियो, जसले मानिसको आध्यात्मिक जीवनका लागि अत्यावश्यक सामग्रीहरू उत्पादन गर्न सहज बनायो । इस्वीको ११औँ शताब्दीपछि जब विश्वविद्यालयहरू स्थापना हुन थाले, जानकारी सङ्कलनका साधनहरू क्रमशः बढ्दै गए ।) छिमेकी राष्ट्र भारतको कुरा गर्दा प्राचीन भारतमा नालन्दा विश्वविद्यालय (५औं शताब्दी) र तक्षशिला विश्वविद्यालय (ईसा पूर्व चौथो शताब्दी) मा विशाल पुस्तकालयहरू थिए । नालन्दाको पुस्तकालयलाई धर्मगञ्ज भनिन्थ्यो, जसमा लाखौं धार्मिक, दार्शनिक र वैज्ञानिक ग्रन्थहरू थिए । नेपालमा पनि मठ-मन्दिर, विहार र गुम्बामा पाण्डुलिपी र हस्तलिखित ग्रन्थ सुरक्षित राख्ने परम्परा थियो ।

छिमेकी राष्ट्र चीनको कुरा गर्दा चिनियाँ सभ्यतामा कन्फ्युसियसका शिक्षण र राजकीय अभिलेखहरू व्यवस्थित पुस्तकालयमा राखिन्थे । चिनियाँ राजाहरूले “सम्राटीय पुस्तकालय” स्थापना गरी विज्ञान, दर्शन, इतिहास र कविताहरू संग्रह गर्थे । त्यसैले त्यतिवेलाका प्राचीन पुस्तकालयहरू केवल पुस्तक सङ्कलन गर्ने स्थल नभएर ज्ञान, शक्ति र सभ्यताको केन्द्र थिए । यी पुस्तकालयहरूले इतिहास, संस्कृति, दर्शन र विज्ञानलाई संरक्षित गरेर भविष्यलाई आधार प्रदान गरेका थिए ।

अबका आधुनिक पुस्तकालय प्रवृत्तिहरूले पुस्तकालयलाई डिजिटल हब, अनुसन्धान सहयोग केन्द्र, र समुदाय विकासको आधार बनाएका छन् । आजको पुस्तकालय शारीरिक रूपमा मात्र नभई हाइब्रिड रूपमा पनि स्थापित भइरहेको छ । प्रविधि-मैत्री नवप्रयोग AI मा आधारित खोज प्रणाली, ई-क्याटलग, QR कोड, स्मार्ट कार्ड, र च्याटबोट प्रयोग गरेर सेवा सजिलो बनाउने कार्य भइरहेको छ । भर्चुअल रियालिटी र अडियो-बुकमार्फत नयाँ सिकाइको अनुभव बढ्दै गइरहेको छ ।

## अध्ययनविधि

यो अध्ययनलाई प्रभावकारी, योजनाबद्ध र परिणाममुखी बनाउन विभिन्न अध्ययन विधिहरु अपनाइएका छन् । विषयसंग सम्बन्धित विभिन्न लेख रचनाहरुको गहिरो अध्ययन, मुख्य विचार पहिचान गर्ने, सम्बन्धित विषयमा नोट लेखन, सारांश लेखनदेखि लिएर उक्त विषयका सुरुवात र अन्त्यका तत्व र तरिकाहरुको माइन्ड-म्याप बनाइएको छ । यस लेखमा प्रत्यक्ष अवलोकन गर्ने मौका नमिलेता पनि भिडियो/चित्रमार्फत अवलोकन मार्फत गहन अध्ययन गरिएको छ ।

### पठन संस्कृतिको विकास

वास्तवमा भन्ने हो भने पुस्तकालय र समाज संगसंगै जन्मिएको हो । त्यस बेला कुन चीजको नामाकरण के र कसरी गर्ने, कुन उपयुक्त हुन्छ भन्ने विषयमा नै अज्ञानता थियो । त्यसकारण पुस्तकालय भन्ने त त्यसबेला आवश्यक पनि थिएन तापनि आदिकालदेखि नै एउटालाई थाहा भएका ज्ञानका कुराहरू मानिस आपसमा र पछि गएर एक पुस्ताबाट अर्को पुस्तामा फिंजाउंथे । नेपालमा पनि पृथ्वीनारायण शाहको दिव्योपदेश ‘बूढा मरे भाषा सरे’ भन्ने अभिव्यक्तिले यसलाई प्रष्ट गर्दछ ।

पठन संस्कृतिको विकास विद्यालयस्तरबाट नै हुनुपर्दछ । हाम्रा सामुदायिक विद्यालयमा पुस्तकालय छन् कि छैनन् र छन् भने त्यस्ता पुस्तकालय नियमित रुपमा खुल्छन् कि खुल्दैनन्, विद्यार्थीलाई टेवा पऱ्याउने खालका सामाग्री छन् कि छैनन्, वालमैत्री अपाङ्गमैत्री छन् कि छैनन् सबै कुरामा विचार पऱ्याउनु पर्दछ । रमाइला र जीवन उपयोगी पुस्तकहरुको संकलनले नै  बालबालिकामा सकारात्मक उर्जा आउंदछ । भरपुर सूचना र प्रविधिमैत्री पुस्तकालय नै आजको जोडदार माग हो । सूचना प्राप्त गर्ने आधारहरु कस्ता छन् पुराना कागजका ढड्डा पल्टाउन पर्ने खालका भए समयको बर्बाद हुनुको अलवा केही उपलब्धि हासिल गर्न सकिदैन । यसको लागि नयाँ खालका समय सापेक्ष मेल खाने अटोमेसन हुनु पर्दछ । यसबाट पाठकको समय बचत हुन्छ । उपयोगी सफ्टवेयरको प्रयोग गरेर सूचना प्राप्तिको लागि सहज बनाउन सकिन्छ । सार्वजनिक पुस्तकालयको स्तर उन्नतिको लागि  स्थानीय तहदेखि केन्द्रीय तहसम्म हुने कार्यक्रममा सार्वजनिक पुस्तकालयको पनि सम्बोधन हुनु जरुरी छ ।

पुस्तकालयको प्रयोगबाट अध्ययन बानीमा सुधार आउंदछ । पुस्तकालयमा अध्ययन गर्दा चाहिने शान्त, अनुशासित र उपयुक्त वातावरण पाइन्छ । राम्रो स्रोतको पहुँचबाट किताब, जर्नल, समाचारपत्र, अनुसन्धान सामग्री सजिलै उपलब्ध हुन्छन् । पुस्तकालयको प्रयोगले निश्चित समय तालिका बनाउँछ जसले गर्दा विद्यार्थीलाई समय व्यवस्थापनका साथै नियमित अध्ययन बानी बसाल्न सहयोग गर्छ । पुस्तकालयले समूहमा छलफल गर्ने, नोट साझा गर्ने अवसर दिन्छ जसले अध्ययन अझ प्रभावकारी हुन्छ । पुस्तकालयले पुस्तकालायाध्यक्ष वा सहायकले अनुसन्धानका लागि उचित सामग्री खोज्न मार्गदर्शन गर्छन् । विविध पुस्तक उपलब्धताः कथा, कविता, उपन्यास, विज्ञान, इतिहास, जीवनचरित्र आदिबाट रुचिअनुसार पढ्ने बानीको विकास गराउंछ । पुस्तकालयको सदस्य बनेपछि किताब लिने र फिर्ता गर्नुपर्ने नियमले पढ्ने निरन्तरता कायम हुन्छ । डिजिटल स्रोतः ई-बुक, अडियो-बुक, र अनलाइन सामग्रीले आधुनिक पुस्तामा पढ्ने बानी फैलाउँछ यद्यपि पुस्तकालयमा नै गएर अध्ययन गरे जस्तो आनन्द भने प्राप्त हुँदैन । सामाजिक प्रेरणाः अन्य साथीहरूलाई पढ्दै गरेको देख्दा आफैंमा पनि पढ्ने उत्साह बढ्छ ।

### वर्तमान अवस्था

वर्तमान समयमा सूचना प्रविधिले फड्को मारेको छ । ढुङ्गे युगको मान्छे आज सूचना तथा प्रविधिको युगमा बाँचिरहेको छ । सबैभन्दा बढी सूचना संकलन हाम्रो मानसपटलमा जम्मा गर्नको लागि राम्रा पुस्तकालयको आवश्यकता पर्दछ । त्यसको लागि सरकारको तर्फबाट उच्चतम् पहल हुनुपर्दछ । जुनसुकै संघ संस्था होस् या सानो कार्यालय नै किन नहोस् कर्मचारीलाई पढ्ने बानीको निरन्तरताको लागि पुस्तकालय खडा गरिएको हुन्छ । अथवा सकेसम्म पुस्तकालयको वरिपरि कार्यालय खोलिने गरिएको छ । सबैलाई विषयको वारेमा थाहा हुँदैन । आफूलाई थाहा नभएको वा आफूलाई इच्छा लागेको विषय आफ्नो धित मर्ने गरी गएर पढ्ने ठाँउनै पुस्तकालय हो । जसमा अनुसन्धान डिजाइन भनेको अनुसन्धान प्रश्नहरूको उत्तर प्राप्त गर्न र परिवर्तनहरूलाई नियन्त्रण गर्न सोचिएको योजना, संरचना र रणनीति हो ।

पुस्तकालयको प्रारम्भिक सुरुवाति दिनहरु, पहिलो सार्वजनिक पुस्तकालय खोल्दाका क्षण, राणा शासनताकाका प्रतिबन्ध र पुस्तकालय आन्दोलन, लोकतन्त्र युगपछि पुस्तकालयको विस्तार विकास क्रमलाई हेर्दा त्यति सन्तोषजनक पाईंदैन । स्वस्थ मानिस दुई किसिमबाट स्वस्थ हुन चाहन्छ एउटा शारीरिक एउटा मानसिक । स्वच्छ आहार विहारले शारीरिक रुपमा सवल हुन्छ भने मानसिक

रुपमा सक्षम हुनका लागि उच्च शिक्षा र ज्ञान जगत्का कुराहरु सजिलै उपलब्ध हुने काम लाग्ने सूचना संग्रह गरिएको पुस्तकालय चाहिन्छ । गरिबीको रेखामुनी रहेको हाम्रो देशका अधिकांश जनता आफ्नो साधारण आवश्यकताहरु त पूरा गर्न सक्दैनन् पुस्तकको त कुरा परै छोडौं । त्यसैले सर्वसुलभ शिक्षाको लागि सार्वजनिक पुस्तकालय हुनु जरुरी छ । त्यसैले राज्यको नीति यस्तो हुनु पऱ्यो कि कोही जनता सर्वशुलभ शिक्षाबाट वन्चित हुन नपरोस् । कृषि पेशालाई मुख्य आधार मानिएको हाम्रो देश नेपालमा कृषिलाई टेवा दिने खालका पुस्तक संकलित एक पुस्तकालय खोल्न सकेमा कृषि पेशा गर्ने कृषकलाई हौसला पुग्ने कुरामा दुईमत छैन । बुढाबुढीलाई आआफ्नो धर्म सँस्कृति, पेशा, रहनसहन अनुसारको पुस्तक पढ्न पाए फुर्सदको समय सजिलो सँग वित्छ । अध्ययनशील बानीको विकास हुन्छ ।

संसारमा भएका ज्ञानलाई अहिले सजिलैसंग खोजी गर्न सकिने Google, ChatGPT AI जस्ता Search Engine हरुलाई पनि डिजिटल पुस्तकालयको संज्ञा दिन सकिन्छ । तर त्यस्ता Digital Database मा धेरै option हरु आउने हुनाले खोजी कार्यमा कता कता अप्ठ्यारो देखिन्छ । लामो समयसम्म निरन्तर पढ्न सकिने, आँखा र दिमागको लागि पनि हानी नहुने अध्ययन नै पुस्तक हो । जो कोही व्यक्तिलाई पनि Digital अध्ययन त्यति सहज भने नहुने रहेछ ।

मानव सभ्यताको अर्को जड भनेको नै पुस्तकालय हो सरकारले यसको लागि नीति नियममा पहल गर्नुपर्दछ । त्रिभुवन विश्वविद्यालय केन्द्रीय पुस्तकालय (त्रि.वि.के.पु), केशर पुस्तकालय, जस्तो पुस्तकालय हाम्रो स्थानीय तहमा नै निर्माण हुनुपर्ने देखिन्छ । क्यारिमबोर्डमा अलमल्ल परेका युवाहरुलाई ठाँउठाँउमा पायक पर्ने गरी पुस्तकालय खोलेर पुस्तकालय धाउने बानी लगाउन सकियो भने देशको मुहार फेरिने कुरामा दुईमत छैन ।

अन्तर्राष्ट्रियस्तरमा समग्र देशको मूल्याङ्कन गर्दा यसको शिक्षा, स्वास्थ्य, बाटोघाटो र यस देशका आमनागरिकलाई हेरिन्छ । सर्वसाधारण हुन् या सत्तामा रहेका सत्ताधारी नेता नै किन नहून् उनीहरुको चेतनास्तर मुल्याङ्कन गर्ने थलो नै शिक्षा हो । पुस्तकालय भएर मात्र हुदैन, पुस्तकालयबाट भरपुर मात्रामा लाभान्वित पनि हुनु पर्दछ । एउटा सक्षम पुस्तकालयकर्मी आफ्नो पुस्तकालयमा आवश्यकता अनुसारका पाठ्यसामाग्री संकलनले पूर्ण बनाउन सक्यो भने ऊ आफू पनि निकै खुसी हुन्छ अनि पुस्तकालयको गरिमा पनि बढाउंदछ ।

कामको लागि नियम हुनुपर्ने सभ्य सुसंस्कृत समाजको मान्यता विपरित काममा बाधा पुऱ्याउने नियम कानुन तेर्स्याउने पाठकहरुलाई अनाबश्यक नियम बनाएर पुस्तकालय प्रयोग गर्नमा बन्चित गर्ने जस्ता अमानवीय कार्यहरु गर्नुहुँदैन ।

कुनैपनि क्षेत्रको विकाशको लागि दक्ष जनशक्तिको आबश्यकता पर्दछ । तर हामी पुस्तकालय सेवामा प्रवेश गरेको बखत पुस्तकालय विज्ञानमा योग्यता प्राप्त जनशक्तिको संख्या हातको औंलामा गन्न पुग्ने पनि थिएन । भएका जनशत्ति पनि पद मान सम्मान प्रतिष्ठाको कारण निरुत्साहित छन् । कोही कोहीले त पुस्तकालय पेशा नै छोड्ने तरखरमा पनि छन् । जनशक्ति बृद्धि हुनु वा भएका जनशक्तिलाई सोही पेशामा टिकाउनु पनि कम चुनौतीपूर्ण कार्य होइन । यस परिप्रेक्षमा जनशक्तिबृद्धिको लागि पद मान प्रतिष्ठा बृद्धि हुनुनै मुख्य आकर्षणको तत्व हो । कुनै उच्च पद मान प्रतिष्ठा बृद्धि र मागको लागि सो अनुरुपको सेवा सक्रियता प्रर्दशन गर्न पनि सक्नु पऱ्यो ।

पुस्तकालय ठूलो, म ठूलो, मेरो पेशा ठूलो भन्दैमा आम समाजले हेर्ने दृष्टिकोण कहाँ परिवर्तन हुन्छ र त्यसको लागि एउटा राम्रो नीति नियम बनाएर पुस्तक पढ्ने र पुस्तकालय र पुस्तकालयकर्मीलाई पनि हेर्ने दृष्टिकोणमा परिवर्तन ल्याउनुपर्ने अत्यन्त जरुरी छ ।

सबैले एउटै काम गरेर देशको विकास सम्भब छैन । गर्नुपर्ने काम धेरै थरीका हुन्छन् त्यसमध्ये पुस्तकालयको स्थापना, विकास निर्माण पनि एक हो । इतिहास विज्ञान प्रविधि, भूगोलको अध्ययन, अध्यापनको कार्य मात्र होइन पुस्तकालयको निर्माण र ज्ञान विज्ञानको विभिन्न क्षेत्रको अध्ययन, अध्यापन  र अनुसन्धानमा टेवा दिने प्रभाबकारी पुस्तकालय सेवाले कम महत्व राख्दैन । त्यसैले पुस्तकालय विकासको लागि राम्रो रुपरेखा कोरी प्रभावकारी नेतृत्व दिन सक्ने उच्च योग्यता सहितको दक्ष र लगनशील व्यक्ति तयार पारी पुस्तकालयको गरिमा बढाउने तर्फ लाग्नु जरुरी छ । बाहिरी प्रतिष्ठा भन्दा पवित्र सेवाको अनुभूति मीठो हुन्छ । समाजशीक्षित भएपछि पुस्तकालय पेशाको प्रतिष्ठा पनि झन् ठूलो हुन्छ । त्यसैले आम पुस्तकालयको सर्वाङगीण विकासको लागि देशका जनता शीक्षित हुनु जरुरी छ । साथै सभ्य र सरल रुपका पुस्तकालय नियमले नै पठन संस्कृतिमा टेवा पुर्‍याउन सहयोग गर्दछन् । यसमा सदस्यता कसरी लिने, सदस्यता लिएपश्चातका नियम र उपनियमलाई सरलताका साथ परिपालना गर्नुपर्ने कुराहरु राख्नुपर्दछ । पाठकहरुलाई पुस्तकालय आउनुपूर्व पुस्तकालयका बारेमा केही भद्दा नलाग्ने सरल र सजिलै बुझ्न सकिने नियम पनि पुस्तकालय प्रयोग बढाउन मद्दत गर्ने तत्वहरु हुन् ।

पुस्तकालय प्रयोग गर्नका लागि निश्चित नियमको व्यवस्था गरिएको हुन्छ जसमा केही नियमलाई यहां लिपीवद्ध गरिएको छ । पुस्तकालय प्रयोग गर्नका लागि सदस्यता अनिवार्य हुन्छ । सदस्यता कार्ड अरूलाई दिन पाइँदैन । किताब निश्चित समय (साधारणतया ७-१५, १५-३० दिन) भित्र फिर्ता गर्नुपर्नेछ । समयमा किताब फिर्ता नगरेमा जरिवाना लाग्नेछ । किताब च्यात्ने, कोर्ने वा बिगार्ने कार्य गर्न पाइँदैन । हराएको वा बिगारेको किताब प्रयोगकर्ताले क्षतिपूर्ति गर्नुपर्नेछ । पुस्तकालयभित्र मौनता कायम गर्नुपर्नेछ । मोबाईल फोन प्रयोग नगर्नु वा म्यूटमा राख्नुपर्नेछ । खानेकुरा, धूम्रपान वा अशुद्धता ल्याउने गतिविधि निषेध । अनुशासन भंग गर्ने सदस्यलाई चेतावनी वा सदस्यता खारेज गर्न सकिनेछ । ई-बुक, जर्नल, वा अनलाइन डाटाबेस प्रयोग गर्दा अधिकार र नियमअनुसार मात्र प्रयोग गर्नुपर्नेछ । सामग्री डाउनलोड वा प्रतिलिपि गर्दा कपीराइट नियम पालना गर्नुपर्नेछ । दृष्टिवीहिन वा अपाङ्गता भएका प्रयोगकर्तालाई आवश्यक सहयोग उपलब्ध गराइनेछ । अध्ययन कक्ष, कम्प्युटर, इन्टरनेट वा प्रिन्ट/फोटोकपी सेवा नियमअनुसार प्रयोग गर्नुपर्नेछ ।

विकसित देशको पुस्तकालय तथा पुस्तकालायाध्यक्षले रणनीति विकसित गरी देशमा भएका पुस्तकालयलाई मात्र किताब राख्ने स्थान नभई अनलाइन पहुँच हुने डिजिटल हब बनाएका छन् । विद्यार्थी, अनुसन्धानकर्ता वा सर्वसाधारणले घरमै बसेर ई-बुक, जर्नल, लेख, अनुसन्धान सामग्री सजिलै डाउनलोड गर्न सक्छन् । अनुसन्धान र ज्ञान सबैलाई उपलब्ध गराउने रणनीति अपनाइन्छ । विश्वका विश्वविद्यालय र अनुसन्धान संस्थानले आफ्ना प्रकाशनहरू खुला पहुँचमा राख्छन् । पुस्तकालयमा सबै उमेर, क्षमता र भाषा भएका व्यक्तिले उपयोग गर्न सक्ने प्रणाली हुन्छ । दृष्टिविहीनका लागि अडियो-बुक, श्रवणशक्ति कम भएका लागि विशेष उपकरण र बहुभाषिक सामग्री उपलब्ध गराइन्छ । पुस्तकालय केवल पढ्न मात्र नभई सीप विकास, तालिम, सेमिनार र समुदाय छलफल गर्ने केन्द्रको रूपमा प्रयोग गरिन्छ ।

ई-क्याटलग, स्वचालित किताब फिर्ता प्रणाली, स्मार्ट कार्डद्वारा सदस्यता, र कृत्रिम बुद्धिमत्ता (AI) प्रयोग गरी छिटो खोजी प्रणाली विकास गरिएको हुन्छ । पुस्तकालायाध्यक्ष केवल किताब संरक्षणकर्ता नभई डाटा व्यवस्थापन, सूचना प्रविधि र अनुसन्धान मार्गदर्शन गर्ने व्यक्तिका रूपमा तयार पारिन्छन् । विकसित देशमा पुस्तकालायाध्यक्षलाई नियमित रूपमा नयाँ प्रविधि, नयाँ प्रकाशन तथा डिजिटल उपकरणबारे तालिम दिइन्छ । विश्वविद्यालय र अनुसन्धान केन्द्रका पुस्तकालायाध्यक्षहरूले विद्यार्थी तथा प्राध्यापकलाई खोज-अनुसन्धानमा सहयोग पुऱ्याउने, सन्दर्भ सामग्री छनोट गर्ने र स्रोत पहिचान गर्ने काम गर्छन् । पुस्तकालायाध्यक्षले समुदायलाई पुस्तकालयप्रति आकर्षित गर्ने, पढ्ने बानी विकास गर्ने कार्यक्रम सञ्चालन गर्ने रणनीति अपनाउँछन् । विश्वव्यापीकरणका कारण पुस्तकालायाध्यक्षलाई फरक संस्कृतिका पाठकसँग काम गर्न सक्ने र विभिन्न भाषामा सूचना उपलब्ध गराउन सक्ने क्षमता आवश्यक हुन्छ ।

**पुस्तकालयको सामाजिक मूल्य र मान्यता**

समाजमा विद्यमान बेथिति लाई पुस्तकालयको माध्यमबाट निराकरणको बाटोमा लाग्नु अत्यन्त जरुरी छ । पुस्तकालय समाजको ज्ञान, शिक्षा, र संस्कृति प्रवाह गर्ने महत्वपूर्ण संस्था हो । यसका आफ्नै खाले मुल्य मान्यताहरु हुन्छन् । पुस्तकालयले विद्यार्थी, शिक्षक र अनुसन्धानकर्ताहरूलाई अध्ययन सामग्री उपलब्ध गराई शैक्षिक स्तर उकास्न सहयोग गर्दछ । जहाँ कुनैपनि भेदभाव रहित समाजको परिकल्पना गरिन्छ त्यो संस्था भनेको पुस्तकालय हो जहाँ सबै वर्ग, जात, धर्म र उमेर समूहका मानिसलाई समान रूपमा सेवा प्रदान गरेर सबैमा समान व्यवहार गरिन्छ । मौलिक हक अन्तर्गतको सुचनाको हक मा जस्तै हरेक सूचनालाई व्यवस्थित र भरपूर मात्रामा उपभोग गर्न पाउने निश्चितता प्रदान गर्नको लागि पुस्तकालय सदैव तल्लीन रहन्छ । पुस्तकालयले विभिन्न विषयका पुस्तक, पत्रिका, समाचारपत्र, तथा डिजिटल स्रोतहरूको पहुँच उपलब्ध गराई समाजलाई सुसूचित राख्नेकुरामा दुईमत छैन । स्थानीय भाषा, साहित्य, इतिहास, र परम्परालाई संग्रह र संरक्षण गरेर रार्ष्ट्रिय पहिचान जोगाउन पुस्तकालयले भूमिका खेल्छ । पठन संस्कृतिलाई प्रवर्द्धन गरी व्यक्ति र समाजमा विवेकशीलता, आलोचनात्मक सोंच र सहिष्णुता जस्ता गुणहरू विकास गर्छ । समाजमा जरो गाडिरहेको धार्मिक सांस्कृतिक असहमतिको कुरालाई समाजिक समावेशिता र संवादको माध्यमबाट निराकरणको बाटोमा लाग्ने कुरामा दुईमत छैन । पुस्तकालय समुदायका सबै वर्गलाई एकै स्थानमा ल्याई संवाद, छलफल, तथा ज्ञान साटासाटको अवसर प्रदान गर्छ ।

**पुस्तकालय र दीर्घकालीन शिक्षा (आजीवन सिकाइ)**

नेपाल एक विकासोन्मुख देश हो । यहाँका अधिकांश मानिसहरू खेतीपाती र पशुपालनमा निर्भर रहेको अवस्था छ । कुनैवेला यस्तो थियो कि मानिसहरू केवल आफ्नो हस्ताक्षर मात्र गर्न जान्दथे भने पनि साक्षर मानिन्थे । घरमा रामायण अथवा बाइवल कुरान बाचन गर्न जान्ने त झन् धेरै शीक्षित व्यक्ति ठानिन्थे । समयक्रम संगै साक्षरताको परिभाषा पनि बदलिन थाल्यो र पछि आएर चिठी र पत्रपत्रिका पढ्न सक्ने, घरायसी हिसाव किताब राख्न सक्नेजस्ता कुरा जान्ने व्यक्तिलाई नै साक्षर मान्ने सामाजिक मान्यता रह्यो ।

तर अहिले समय परिवर्तन भइरहेको छ । मानिस अहिले हरेक कार्यमा प्रतिस्पर्धा गर्न तयार रहेको अबस्था छ । किनकि उसलाई सूचनाले सुसज्जित हुनको लागि सहयोग छ । पुस्तकालय आजीवन सिकाइ (Lifelong Learning) को एक महत्वपूर्ण आधारशीला हो । व्यक्तिले विद्यालय वा

विश्वविद्यालयको औपचारिक शिक्षा सकिएपछि पनि ज्ञान, सीप र जानकारी प्राप्त गर्न पुस्तकालयलाई निरन्तर प्रयोग गर्न सक्छ । यसको सम्बन्ध सिधै सिक्ने अवसरको निरन्तरतासंग जोड्न सकिन्छ । पुस्तकालयले सबैलाई हेर्ने दृष्टिकोण समान हुन्छ । पुस्तकालयले सबै उमेर समूहका मानिसहरूलाई निरन्तर सिक्ने अवसर दिन्छ । चाहे विद्यार्थी, पेशागत व्यक्ति, बृद्ध वा गृहिणी, सबैले पुस्तकालयमार्फत नयाँ विषयमा जानकारी लिन सक्छन् ।

पुस्तकालय स्वअध्ययनका लागि सबैभन्दा अत्यन्तै उत्तम स्थान हो । व्यक्तिको आफ्नै इच्छाअनुसार अध्ययन गर्ने, रुचिका विषयहरूमा अनुसन्धान गर्ने र आफ्नो ज्ञान बढाउन पुस्तकालयलाई प्रयोग गर्न सक्छ । आधुनिक सूचना प्रविधिको देनका रुपमा पुस्तकालयको प्रादुर्भाव भएको हो । डिजिटल पुस्तकालयमा खासगरी ज्ञान विज्ञान र सूचनाहरु पुस्तकमा नभई कम्प्युटर डेटावेस, डि.भि.डी, रोमका माध्यममा हुन्छन् । (इन्द्रप्रसाद अधिकारी, पुस्तकालय तथा स्रोत केन्द्र व्यवस्थापन एवम सञ्चालन) हाल डिजिटल पुस्तकालय र अनलाइन स्रोतहरूको माध्यमबाट पनि पुस्तकालयले दीर्घकालीन शिक्षालाई प्रवर्द्धन गरिरहेको छ । ई-पुस्तक, अनलाइन जर्नल, शैक्षिक वेबसाइट आदिले आजको पुस्तालाई नयाँ तरिकाले सिक्न प्रेरित गरिरहेको छ । पुस्तकालय केवल पुस्तक राख्ने ठाउँ मात्र होइन, यो जीवनभर सिक्ने यात्राको अभिन्न अंग हो । यसले व्यक्तिको बौद्धिक, सामाजिक र व्यवसायिक विकासमा योगदान पुऱ्याउँछ र आजीवन शिक्षाको मार्गप्रशस्त गर्छ ।

**नारी सशक्तीकरण**

(शिक्षा भनेको सिक्ने, बुझ्ने, प्रयोग गर्ने र ज्ञानलाई आफू, अन्य व्यक्ति र सम्पूर्ण समाजको हितका लागि उपयोग गर्ने शक्ति हो । यसले जीवनको गुणस्तर सुधार्न मद्दत गर्दछ । अन्तर्राष्ट्रिय शिक्षा ब्यूरो (युनेस्को) अनुसारः"...एक अशिक्षित व्यक्ति सामाजिक र आर्थिक जीवनमा पूर्ण रूपमा सहभागी हुन सक्दैन; उसले कम स्वास्थ्य लाभ पाउने, गरिब हुने र शीक्षित दाजुभाइको तुलनामा छिट्टै मृत्यु हुने सम्भावना बढी हुन्छ ।" त्यसैले, शिक्षा सोंच्ने, सम्बन्ध गाँस्ने र ज्ञान प्राप्त गर्ने प्रक्रिया हो । मानव समाजले सुरुदेखि नै ज्ञानलाई सिर्जना, सङ्कलन, संग्रह प्रवाह गर्दै आएको छ, त्यो पनि विभिन्न माध्यममार्फत । पुस्तकालयहरू यस ज्ञान सङ्कलनको अग्रदूतका रूपमा कार्य गर्छन्, जसले आत्म-शिक्षा (self–education) को लागि सूचना प्रवाह गर्छन् । विशेषगरी शैक्षिक पुस्तकालयहरू आत्म-अध्ययन र आत्म-शिक्षाको केन्द्र हुन् ।

पुस्तकालय केवल अध्ययन गर्ने ठाउँ मात्र होइन, यो शिक्षा, जानकारी र बौद्धिकविकासको उच्च केन्द्र पनि हा । विशेषगरी किशोरी तथा महिलाहरूका लागि पुस्तकालयले सशक्तीकरणको मार्ग खोलिदिएको छ । हरेक स्थानमा पछि परेकी नारी आज शिक्षाको कारण हरेक क्षेत्रमा होस्टेमा होस्टे गर्दै अघि बढ्ने अवसर मिलिरहेको छ । एउटै रथका दुई पाङ्ग्रा हुन सहयोग यही शिक्षाको कारण सफल भएको छ । पुस्तकालयले किशोरीहरूलाई आवश्यक शैक्षिक सामग्री र स्रोतहरू सजिलै उपलब्ध गराउँछ । यसले उनीहरूलाई पढ्न, बुझ्न र सोच्न प्रेरित गर्छ । सबै स्थानमा समान पहुँच पुऱ्याउन शिक्षाले मद्दत गरिरहेको छ । विविध विषयमा जानकारी प्राप्त गरेर किशोरीहरूमा आत्मविश्वास बढ्छ । उनीहरू सार्वजनिक रूपमा बोल्न, निर्णय लिन र आफ्नो अधिकारको बारेमा जान्न सक्षम हुन्छन् । पुस्तकालयले सबैलाई समान सेवा प्रदान गरेर किशोरीहरूलाई केटाहरू सरह शिक्षा र जानकारीको अवसर दिन्छ । यसले लैङ्गिक विभेदको सोँच हटाउन सहयोग पुऱ्याउँछ । किशोरीहरूका लागि आवश्यक यौन शिक्षा, स्वास्थ्य, मासिक धर्म व्यवस्थापन, पोषण आदिका सामग्री पुस्तकालयमार्फत पनि सहज रूपमा प्राप्त गर्न सकिन्छ । यसले उनीहरूलाई सुरक्षित र

सचेत बनाउँछ । खेतीपातीमा आत्मनिर्भर त थिए नै आजकल महिलाहरु कम्प्युटर र डिजिटल सीपको माध्यमबाट सबैमा चेतना फैलाउनमा समेत सफल भएका छन् ।

**निष्कर्ष**

अनुसन्धान, शिक्षण र ज्ञान व्यवस्थापनमा अब साधारण “सर्च” पर्याप्त छैन । अबको आवश्यकता हो - अर्थ बुझ्ने‌को खोजी (Semantically intelligent search) जसले अर्थ, प्रसङ्ग र जडान बुझ्न सकोस् । यस्ता खोज प्रणालीमा ज्ञानको संरचना (Taxonomy), सन्दर्भ (Context), सम्बन्ध (Interrelation) बुझ्ने क्षमतायुक्त AI जरूरी छ । शिक्षामा ज्ञानहरूलाई लिङ्क गरेर बुझाउन सक्ने कन्सेप्ट-आधारित डिजिटल डाटाबेस आवश्यक छ । यस्ता प्रणालीले विद्यार्थी लगायत सम्पूर्ण अध्ययन गर्न, सम्बन्धित सन्दर्भ पत्ता लगाउन र अन्तर्विषयगत अध्ययन गर्न सहयोग गर्छ । डिजिटल ज्ञान खोजीका लागि Google, ChatGPT जस्ता AI प्रणाली उपयोगी छन्, तर स्थानिय सन्दर्भमा आधारित प्रणाली विकास गर्न जरुरी छ ।

विश्वविद्यालयले अब केवल पढाउने मात्र होइन, ज्ञान संरचना गर्ने, सन्दर्भ अनुसार वर्गीकरण गर्ने, र सम्बन्ध जोड्ने कार्य पनि गर्नु आवश्यक छ । पुस्तकालय अब डिजिटल गाइड बन्नुपर्छ, केवल ज्ञान दिनेमात्र होइन, ज्ञान खोज्न सिकाउने हुनुपर्छ । पर्याप्त डिजिटल पूर्वाधार नहुनु, शिक्षकमै डिजिटल साक्षरताको कमी, संस्थागत दृष्टिकोणको अभाव जस्ता समस्या छन् । पर्याप्त डिजिटल पूर्वाधार नहुनु, डिजिटल साक्षरताको कमी, संस्थागत दृष्टिकोणको अभाव जस्ता समस्या छन् ।

डिजिटल ज्ञान व्यवस्थापन पुस्तकालय क्षेत्रको भविष्य हो । नेपालको शिक्षामा प्रभावकारी, सस्तो र पहुँच योग्य AI आधारित ज्ञान प्रवाह प्रणाली विकास गर्न सकिन्छ भने मात्र हामी शिक्षाको गुणस्तर, पहुँच र प्रभाव विस्तार गर्न सक्छौं ।

**References:**

1. Online Khabar
2. *The new encyclopedia Britannica: micropedia knowledge in depth v.22;.-15th ed. -Chicago: Encyclopedia Britannica Inc, 1990p.968.*
3. *Muraribinod Pokhrel, Library and Nepal, Centre for Library Consultancy, 2040,p.3*
4. न्यौपाने, गेवनाथ. (२०६१). नेपाली नाट्यविधाका कृति र पत्रपत्रिकाको संरक्षणमा त्रिभुवन विश्वविद्यालय केन्द्रीय पुस्तकालयको योगदान. अप्रकाशित स्नातकोत्तर शोधपत्र. त्रिभुवन विश्वविद्यालय ।
5. *Wolff and Pant, 2005, p. 92*
6. *Mishra Shanti, Mishra Narayan Prasad: The Glorious History of Tribhuvan University Central Library and Our Services; 2075p.4.*
7. *Adhikari, 2078, p. 345) (Adhikari, I.P. (2078). Library and resourcecentre: management and operation.Kathmandu: Library Management and Resource Service Centre, 345*
8. *Indra Gandhi National Open University School of Social Science. "Role of Academic Library in Education" .IGNOU, 2002.p-7.*